# काठमाडौँ महानगरपालिका

# द्वितीय त्रैमासिक परीक्षा-२०८२

## विषयः सामाजिक अध्ययन

**कक्षा : ९** **पूर्णाङ्क : ७५**

**समय : ३ घण्टा**

**दिइएका निर्देशनका आधारमा आफ्नै शैलीमा सिर्जनात्मक उत्तर दिनुहोस् :**

**समूह क. तल दिइएका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्। (११x१=११)**

१) समुदायलाई एक वाक्यमा परिभाषित गर्नुहोस् ।

२) परम्परागत ज्ञान, सिप र प्रविधिमा कसरी सुधार गर्न सकिन्छ ? कुनै एउटा सुझाव दिनुहोस् ।

३) माइती नेपालको कुनै एक योगदान उल्लेख गर्नुहोस् ।

४) साइबर अपराध विरुद्ध सचेतना जगाउने एउटा नारा तयार पार्नुहोस् ।

५) वंशावली भनेको के हो ? लेख्नुहोस् ।

६) पृथ्वीनारायण शाहले भक्तपुरसँग किन सम्बन्ध राखेका थिए ? एक वाक्यमा आफ्नो विचार प्रस्तुत गर्नुहोस् ।

७) तपाईंको समुदायमा कृषि क्षेत्रमा रहेका कुनै दुई समस्या लेख्नुहोस् ।

८) घरेलु उद्योग प्रवर्धनका लागि तपाईंको परिवारले खेल्न सक्ने कुनै एक भूमिका उल्लेख गर्नुहोस् ।

९) नेपालको परराष्ट्र नीतिका कुनै दुइओटा आधार उल्लेख गर्नुहोस् ।

१०) विभिन्न देशहरूबिचको द्वन्द्व अन्त्य गरी शान्ति स्थापना गर्न संयुक्त राष्ट्र सङ्घको भूमिकालाई अझै प्रभावकारी बनाउन के गर्नुपर्ला ? कुनै एउटा सुझाव दिनुहोस् ।

११) यदि तपाईं गाउपालिकाको प्रमुख हुनुभयो भने ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रतर्फ हुने अव्यवस्थित बसाइँसराइ कसरी नियन्त्रण गनुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

**समूह ख. तल दिइएका प्रश्नको छोटो उत्तर लेख्नुहोस्। (९×४=३६)**

१२) 'अर्थव्यवस्था समाज वर्गीकरणको प्रमुख आधार हो ।' पुष्टि गर्नुहोस् ।

१३) नेपालको विद्यालय शिक्षामा देखिएका समस्या समाधानका कुनै चारओटा उपाय उल्लेख गर्नुहोस् ।

१४) तपाईंले आफ्नो समुदायमा धार्मिक सहिष्णुता कायम राख्न के कस्ता अभ्यासहरू गर्नुभएको छ ? लेख्नुहोस् ।

१५) मल्लकालमा मूर्तिकलाको विकास चरमोत्कर्षमा पुगेको थियो' उदाहरणसहित पुष्टि गर्नुहोस् ।

अथवा

"मानव मूल्यको विकासमा विद्यालयको महत्त्वपूर्ण भूमिका हुन्छ ।" उदाहरणसहित पुष्टि गर्नुहोस् ।

१६) नेपालमा सामाजिक सुधारमा रीष्ट्रय सङ्घ संस्थाले खेलेको भूमिका चार बुँदामा मूल्याङ्कन गर्नुहोस् ।

१७) सुशासनको परिचय दिदैं यसका कुनै तीन आयाम उल्लेख गर्नुहोस् ।

१८) तराई प्रदेशमा जनसङ्ख्याको चाप बढी हुनुका कारणहरू चार बुँदामा प्रस्तुत गर्नुहोस् ।

१९) सार्कमा नेपालले पुऱ्याएको योगदानहरू उल्लेख गर्दै साथीलाई पठाउने इमेलको नमुना तयार पार्नुहोस् ।

२०) नेपालमा बसाइँसराइका प्रमुख चार कारण उल्लेख गर्नुहोस् ।

**समूह ग. तल दिइएका प्रश्नको लामो उत्तर लेख्नुहोस् । (४x७=२८)**

२१) नेपालमा नागरिकता प्राप्त गर्ने संवैधानिक प्रावधानको समीक्षा गर्नुहोस् ।

२२) पृष्ठ भरिको नेपालको नक्सा बनाई उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् ।

कर्णाली नदी, भैरहवा विमान स्थल, अरनिको राजमार्ग, कञ्चनजङ्घा हिमाल

अथवा

पृष्ठ भरिने गरी अष्ट्रेलिया महादेशको नक्सा बनाई उपयुक्त सङ्केतको प्रयोग गरी निम्न तथ्यहरू भर्नुहोस् ।

मेलबर्न, आयर ताल, ग्रेट बेरियर रिफ, तास्मानिया टापु

२३) नेपाल अङ्ग्रेज युद्धका चार कारण र तीन परिणामहरू उल्लेख गर्नुहोस् ।

२४) 'नेपालमा वैदेशिक व्यापारको सम्भावना र प्रवर्धन' शीर्षकमा एउटा लेख तयार गर्नुहोस् ।

समाप्त